आज मिति २०८२ असार २ गते बिहान ८:०० बजे थलारा गाउँपालिका गाउँ कार्यपालिका अध्यक्ष श्री प्रकाश बहादुर रोकायाज्यूको अध्यक्षतामा गाउँ कार्यपालिकाको बैठक बसी देहाय बमोजिमका पदाधिकारीहरुको समुपस्थितिमा निम्नानुसारको निर्णय गरियो।

| क्र.सं | पदाधिकारीको नाम | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | प्रकाश बहादुर रोकाया | अध्यक्ष | |
| २ | राम बहादुर खाती | उपाध्यक्ष | |
| ३ | रविन्द्र जोशी | कार्यपालिका सदस्य | |
| ४ | रविन्द्र बहादुर खाती | कार्यपालिका सदस्य | |
| ५ | प्रकाश भण्डारी | कार्यपालिका सदस्य | |
| ६ | रामचन्द्र जोशी | कार्यपालिका सदस्य | |
| ७ | नर बहादुर खाती | कार्यपालिका सदस्य | |
| ८ | अनिल कुमार बिष्ट | कार्यपालिका सदस्य | |
| ९ | किस्ने सार्की | कार्यपालिका सदस्य | |
| १० | टिकाराज जोशी | कार्यपालिका सदस्य | |
| ११ | लोकेन्द्र बहादुर बिष्ट | कार्यपालिका सदस्य | |
| १२ | हेमन्ती देवी सिंह | कार्यपालिका सदस्य | |
| १३ | रम्भा देवी कामी | कार्यपालिका सदस्य | |
| १४ | सुनिता देवी गिरी | कार्यपालिका सदस्य | |
| १५ | कमला कुमारी उपाध्याय जोशी | कार्यपालिका सदस्य | |
| १६ | बिर्ख बहादुर मिजार कामी | कार्यपालिका सदस्य | |
| १७ | ज्ञानु दमाई | कार्यपालिका सदस्य | |
| १८ | प्रयाग राज पाध्या | कार्यपालिका सचिव | |

# मिति २०८२ असार २ गतेको गाउँ कार्यपालिका बैठकको निर्णयहरू

## निर्णय नं. १

आगामी आर्थिक बर्ष २०८२।८३ को बार्षिक नीति कार्यक्रम स्वीकृत गरियो। उक्त बार्षिक नीति तथा कार्यक्रम गाउँ सभाको आगामी अधिवेशनका पहिलो बैठक असार ४ गते गाउँपालिका अध्यक्ष श्री प्रकाश बहादुर रोकायाले गाउँ सभामा प्रस्तुत गर्ने निर्णय गरियो।

## निर्णय नं. २

थलारा गाउँपालिकामा विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७५ लाई संशोधन गर्न बनेको बिधेयक आगामी गाउँ सभाको बैठकमा पेश गर्ने गरी स्वीकृत गरियो।

## निर्णय नं. ३

गाउँ सभामा अन्तर्गतका लेखा समिति, सुशासन समिति र बिधायन समितिको पुनःर्गठन गर्ने प्रस्ताव गाउँसभा पेश गर्ने निर्णय गरियो।

## निर्णय नं. ४

आव २०८०।८१ को लेखापरीक्षण प्रतिवेदन उपाध्यक्ष श्री राम बहादुर खातीले गाउँ सभा समक्ष पेश गर्ने निर्णय गरियो।

## निर्णय नं. ५

आव २०८१।८२ को लागि विनियोजित बजेट मध्ये केही कार्यक्रममा खर्च नहुने र केही अत्यावश्यक शिर्षकमा थप बजेट आवश्यक पर्ने भएकोले आर्थिक बर्ष २०८१।८२ को बजेट तथा कार्यक्रम संशोधन र रकमान्तर प्रस्ताव गाउँ सभाको स्वीकृतिका लागि पेश गर्ने।